**नेपाल समाजवादी पार्टी**

**प्रेस-वक्तव्य**

नेपाल समाजवादी पार्टीको केन्द्रीय कार्यकारिणी समितिको वैठक यहीँ २०८० असोज १५ देखि १७ गतेसम्म काठमाण्डौँमा सम्पन्न भएको छ । वैठकले गरेका महत्वपूर्ण निर्णय र पारित प्रस्तावहरु सार्वजनिक गर्न यो प्रेस-वक्तव्य जारी गरिएको छ ।

I. वैठकले वर्तमान राष्ट्रिय र अन्तराष्ट्रिय परिस्थितिमा राष्ट्रिय राजनीति र पार्टीका गतिविधिको गम्भीर समीक्षा गर्दै निम्न प्रस्तावहरु परित गरेको छ ।

१. हाम्रो उदीयमान पार्टी नेपाल समाजवादी पार्टी नयाँ युगको नयाँ आवश्यकता अनुसार देशमा अग्रगामी वैकल्पिक राजनीतिक शक्ति निर्माणमा प्रतिबद्ध पार्टी हो । पार्टी निर्माणको क्रममा हामीले आफ्नै संगठित शक्ति र जनाधार निर्माणमा मुख्य जोड दिंदै आवश्यकता र सम्भावना अनुसार विचार, नीति, कार्यक्रम मिल्ने विभिन्न पार्टी र समूहसँग मोर्चा, एकता, ध्रुवीकरणनिम्ति पनि पहल गर्दै आएका छौं ।

त्यसै क्रममा हामीले नेकपा (माओवादी केन्द्र) सँग गत संसदीय र प्रादेशिक निर्वाचनको बेलादेखि सहकार्य गर्दै नयाँ आधारमा नयाँ समाजवादी केन्द्र निर्माणकानिम्ति वार्ता प्रक्रिया शुरु गरेका थियौँ । त्यस क्रममा हामीले नयाँ युगको नयाँ समुन्नत समाजवादी पार्टीको विचार, नीति, कार्यक्रम, संगठनात्मक सिद्धान्त, कार्यशैली सहितको नौ-बुँदे पार्टी एकताका आधार सम्बन्धी प्रस्ताव पनि प्रस्तुत गरेका थियौँ ।

परन्तु माओवादी केन्द्रको नेतृत्वले त्यो महत्वपूर्ण नौ-बुँदे प्रस्तावमाथि छलफल नै गर्न नचाहेको र सिद्धान्तनिष्ठ नयाँ समाजवादी केन्द्रको निर्माणमा भन्दा तत्काल संसदीय अंक गणित मिलाएर सत्तामा टाँसिरहने प्रवृति देखाइरहेको छ । हालै माओवादी केन्द्रको नेतृत्वले हाम्रो पार्टीका एक अध्यक्षलाई पठाएको पत्रले पनि रुपान्तरणसहितको समाजवादी ध्रुवीकरण भन्दा दाउपेचको राजनीति मात्रै गर्न खोजिरहेको झल्को दिन्छ । यो स्थितिमा हामीले प्रस्तुत गरेको ९- बुँदे समष्टीगत प्रस्ताव बारे माओवादीको औपचारिक धारणा नआएसम्म माओवादी केन्द्रसँग वार्ताको औचित्य नरहेको हाम्रो पार्टी प्रष्ट पार्न चाहन्छ ।

आगामी दिनमा हाम्रो पार्टी आफ्नो संगठन र जनआधार निर्माण र विस्तारमा केन्द्रित रहदै जनसरोकारका राष्ट्रिय मुद्दाहरुमा विभिन्न पार्टी र समूहहरुसँग सहकार्य, कार्यगत एकता गर्ने र विचार, नीति, कार्यक्रम मिल्ने शक्तिहरुसँग भरपर्दो अग्रगामी वैकल्पिक शक्ति निर्माणकानिम्ति संयुक्त मोर्चा र ध्रुवीकरणका लागि पनि निरन्तर प्रयत्न गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

२. सदियौँदेखि आपसी सद्भावका साथ वसेको नेपाली समाजमा केही समय यता मुलुकका विभिन्न स्थानहरुमा धार्मिक तथा सामुदायिक सद्भावमा खलल पुग्ने गरी विभिन्न अवाञ्छित र हिंसात्मक गतिविधि हुनु अत्यन्त चिन्ताजनक र खेदजनक छ । त्यस्ता गतिविधिहरुमा भित्री तथा बाहिरी प्रतिगामी तत्वहरुको चलखेलको आभाष देखिन थालेको हुँदा त्यस्ता तत्वहरुलाई वेलैमा कारबाहीको दायरामा ल्याई निस्तेज पार्न र आम जनतामा सुरक्षाको प्रत्याभूति गराउन तथा धार्मिक र सामुदायिक सद्भाव कायम गराउन हाम्रो पार्टी सरकारसँग गम्भीर आग्रह गर्दछ ।

३. नेपाली अर्थतन्त्रमा विद्यमान विभिन्न संरचनात्मक समस्याहरु केही समय यता अरु गम्भीर बन्दै गएका छन् । खासगरी चौतर्फी आर्थिक मन्दी, चाडवाडको समयमा चुलिदै गएको महंगी तथा कालो बजारी, अनियन्त्रित भ्रष्टाचार तथा विचौलियागिरी, बैंकिङ्ग प्रणालीमा अधिक तरलता हुँदाहुँदै विरोधाभाषपूर्ण उच्च व्याजदर, साना उद्यमी व्यवसायी

तथा आम उपभोक्ताहरुले भोल्नु परेका समस्या र यी सबै प्रति सरकारको उदासीनता अत्यन्त गमभीर र आपतिजनक छ। यी समस्याहरुलाई संरचनात्मक ढंगले हल गर्न र तत्काल महंगी, भ्रष्टाचार, कालोबजारी, यातायातमा अनियन्त्रित भाडा वृद्धि, विचौलियाहरुको बिगबिगी लगायतका विकृति विसंगति रोकेर जनतालाई राहतको प्रत्याभूति गराउन नेपाल समाजवादी पार्टी सरकारसँग जोडदार माग गर्दछ।

४. यही असोज १५ गते सुदुरपश्चिमको बभ्राङ्ग केन्द्रविन्दु भएर शक्तिशाली भूकम्प गएको र परकम्प जाने क्रम जारी रहेको हुँदा त्यसबाट हुन गएको र हुनसक्ने जनधनको क्षतिप्रति संवेदनशील बन्दै तत्काल उद्धार तथा राहत कार्य प्रभावकारी रुपमा संचालन गर्न नेपाल समाजवादी पार्टी सरकारसँग विशेष आग्रह गर्दछ।

II. वैठकले नेपाल समाजवादी पार्टीले गत साउन १ गतेबाट शुरु गरेको छ महिने पार्टी निर्माण तथा विस्तार अभियानको मध्यावधि समीक्षा गर्दै अभियानलाई अभै प्रभावकारी ढंगले संचालन गर्ने निर्णय गरेको छ। साथै पार्टीको प्रथम महाधिवेशन आगामी वैशाख महिनामा भव्यताका साथ सम्पन्न गर्ने र त्यसको तयारीका लागि आगामी मंसीर ६ र ७ गते केन्द्रीय समितिको वैठक काठमाण्डौंमा गर्ने निर्णय गरेको छ। त्यस अघि विधान अधिवेशनका लागि पार्टीको विधान मस्यौदा गर्न केन्द्रीय कार्यकारिणी समिति सदस्य तथा अधिवक्ता कृष्ण शर्माको संयोजकत्वमा विधान मस्यौदा समिति गठन गरेको छ।

**२०८० असोज १८**

**बाबुराम भट्टराई**

**अध्यक्ष, नेपाल समाजवादी पार्टी**